गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

## नवलपरासी बर्दघाट सुस्ता पूर्व

जनस्वास्थ्य बुलेटिन
अंक: १३
महिना: पौष
आ. व: २०८२/८३

## जनस्वास्थ्य बुलेटिन- पौष २०८२

### मुख्य उपलब्धीहरु

- ☐ नियमित खोप कार्यक्रम सुक्ष्मयोजना गोष्ठी- आ.व २०८२/८३
- ☐ विश्व ध्यान दिवसका अवसरमा योग तथा ध्यान अभ्यास कार्यक्रम सम्पन्न
- ☐ जनस्वास्थ्यका विधार्थीहरुसंग प्रदेश जनस्वास्थ्य कार्यालय
- ☐ एकीकृत परिवार योजना, मातृ तथा नवजातशिशु कार्यक्रम अनुगमन
- ☐ ANC to PNC Continuum of Care अभिमुखीकरण कार्यक्रम
- ☐ मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम
- ☐ आर्थिक वर्ष २०८२/८३ परिवार योजना कार्यक्रम सूक्ष्म योजना गोष्ठी
- ☐ ११ औं राष्ट्रिय योग दिवस २०८२ विशेष योगाभ्यास तथा अन्तरक्रिया कार्यक्रम
- ☐ ३ दिने TB Modular Training कार्यक्रम सम्पन्न

### मासिक कार्यक्रम सारांश

संचालित कार्यक्रम कुल संख्या: १९
कार्यक्रम प्रकारअनुसार:
- तालिम: ०२
- अभिमुखीकरण: ०३
- अन्तरक्रिया तथा गोष्ठी: ०४
- स्थलगत अनुशिक्षण: ०६
- अनुगमन तथा सुपरिवेक्षण: ०२
- समिक्षा तथा अन्य बैठक: ०१
- समुदाय साझेदारी कार्य: ०१

### संचालित कार्यक्रमहरुको विवरण

#### नियमित खोप कार्यक्रम सञ्चालनको लागि सुक्ष्मयोजना गोष्ठी- आ.व २०८२/८३

प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा नियमित खोप कार्यक्रमलाई प्रभावकारी र गुणस्तरीय रूपमा सञ्चालन गर्ने उद्देश्यले जिल्लास्तरमा नियमित खोप कार्यक्रम तथा खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल सम्बन्धि समिक्षा, नयाँ खोप तथा रोग बारेमा जानकारी, सरसफाई प्रवर्द्धन तथा सुक्ष्मयोजना अध्यावधिक गोष्ठी जिल्ला का ६ स्थानीय तहका स्वास्थ्यकर्मीहरुको लागि संचालन गरिएको छ । गोष्ठीमा नियमित खोप सेवाको पहुँच विस्तार, लक्षित समूहको पहिचान, सेवा प्रवाहमा सुधार, तथ्याङ्क व्यवस्थापन तथा स्थानीय तहबीच समन्वय सुदृढ गर्ने विषयमा केन्द्रित छलफल तथा कार्ययोजना निर्माण गरिएको छ ।





## विश्व ध्यान दिवसका अवसरमा योग तथा ध्यान अभ्यास कार्यक्रम सम्पन्न

मिति २०८२/०९/०६ गते विश्व ध्यान दिवसको अवसरमा प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले श्री कुमारवर्ती माध्यमिक विद्यालयका विद्यार्थीहरूका लागि योग तथा ध्यान अभ्यास कार्यक्रम सम्पन्न गरिएको थियो। कार्यक्रममा योग अभ्यास सत्रसँगै योग र ध्यानको महत्व, मानसिक स्वास्थ्य, एकाग्रता तथा समग्र स्वास्थ्यमा यसको सकारात्मक प्रभावबारे अभिमुखीकरण सत्र सञ्चालन गरिएको थियो। यस कार्यक्रमले विद्यार्थीहरूमा स्वस्थ जीवनशैली प्रवर्द्धन गर्नुका साथै तनाव व्यवस्थापन र आत्म अनुशासन विकासमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। कार्यक्रम प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख श्री केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासकको अध्यक्षता र जनस्वास्थ्य अधिकृत छबिलाल सुबेदीको सहजीकरणमा सम्पन्न गरिएको थियो।






## हार्दिक स्वागत तथा शुभकामना ब्यक्त कार्यक्रम

जलस्रोत तथा सिचाई विकास डिभिजन, लमजुङबाट सरुवा भई यस प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा आउनु भएको लेखा अधिकृत श्री पुरुस्वोतम गौली सरको हार्दिक स्वागत तथा शुभकामना ब्यक्त कार्यक्रम यस कार्यालयका प्रमुख श्री केशव प्रसाद चापागाईको अध्यक्षतामा सम्पन्न गरिएको छ।





## जनस्वास्थ्यका विधार्थीहरुसंग अन्तरक्रिया तथा प्रदेश जनस्वास्थ्य कार्यालयको बारेमा अभिमुखीकरण

मिति २०८२/०९/०६ गते दिन केन्द्रिय जनस्वास्थ्य विभाग, त्रिभुवन विश्वविद्यालय बाट स्थानीय तह- स्वास्थ्य प्रणाली अध्ययनको लागि जिल्लाका ३ स्थानीय तहहरु गैंडाकोट नगरपालिका, देवचुली नगरपालिका तथा कावासोती नगरपालिकामा आउनु भएका विधार्थीहरुलाई यस प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख श्री केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासकले प्रदेश जनस्वास्थ्य कार्यालय र कार्यालयका कार्यक्रमहरुबारे जानकारी दिनु भएको थियो। साथै जनस्वास्थ्य अधिकृत छबिलाल सुबेदी, ल्याब टेक्निसियन निरीक्षक डिल्लीराम तिवारी, सहायक तथ्यांक अधिकृत शिवशरण पराजुली, र जनस्वास्थ्य अधिकृत सागर पराजुलीले जिम्मेवारीमा रहेका कार्यक्रमहरुको बारेमा जानकारी प्रदान गर्नु भएको थियो।





## एकीकृत परिवार योजना, मातृ तथा नवजातशिशु कार्यक्रमहरुको स्वास्थ्य संस्था अनुगमन

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) बाट मिति २०८२/०८/२६ गतेका दिन गैंडाकोट नगर अस्पताल र देवचुली नगर अस्पतालमा एकीकृत परिवार योजना, मातृ तथा नवजातशिशु कार्यक्रमहरुको अनुगमन गरिएको थियो। अनुगमन प्रदेश जनस्वास्थ्य कार्यालयका पब्लिक हेल्थ नर्स निरीक्षक भूमिका निरौला र जनस्वास्थ्य अधिकृत सागर पराजुलीले गर्नु भएको थियो। अनुगमनको क्रममा स्वास्थ्य संस्थामा सञ्चालित सेवा प्रवाहको अवस्था, अभिलेख तथा प्रतिवेदन प्रणाली, सेवा गुणस्तर, औषधि तथा सामग्रीको उपलब्धता, र जनशक्ति व्यवस्थापनको अवस्था अवलोकन गरिएको थियो। साथै कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आवश्यक तथा सुधारात्मक सुझावहरु प्रदान गरिएको थियो।





## देवचुली नगरपालिकामा देवचुली नगर अस्पतालको नवनिर्मित भवन उद्घाटन समारोह

देवचुली नगरपालिका, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा नगरवासीलाई गुणस्तरीय, सुलभ तथा प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले निर्माण गरिएको नगर अस्पतालको नवनिर्मित भवनको उद्घाटन समारोह भव्य रूपमा सम्पन्न भएको छ। समारोहका यस प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाईंले नवनिर्मित नगर अस्पताल भवनले स्थानीय तहमा स्वास्थ्य सेवा प्रवाहलाई थप सुदृढ, प्रभावकारी तथा जनमैत्री बनाउने विश्वास व्यक्त गर्नु भएको थियो।




## ANC to PNC Continuum of Care अभिमुखीकरण कार्यक्रम

मिति २०८२/०९/१३ र १४ गते प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा नर्सिङ कर्मचारीहरूको क्षमता अभिवृद्धि (Capacity Building) को लागि ANC to PNC Continuum of Care अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको थियो। उक्त कार्यक्रममा प्रमुख प्रशिक्षक रुपमा मध्यविन्दु प्रादेशिक अस्पतालमा कार्यरत बरिस्ठ नर्सिङ अधिकृत शान्ति भण्डारीले पूर्व प्रसुती स्याहार, प्रसुती स्याहार साथै प्रसवोत्तर हेरचाह सम्बन्धी सत्र लिनु भएको थियो भने प्रदेश जनस्वास्थ्य कार्यालयबाट जनस्वास्थ्य अधिकृत सागर पराजुलीले MPDSR सम्बन्धी र पब्लिक हेल्थ नर्स निरीक्षक भूमिका निरौलाले PRTP सम्बन्धी सत्र लिनु भएको थियो




## विद्यालय नर्सद्वारा विद्यालयको वार्षिकोत्सवमा स्वास्थ्य सहायता कक्ष

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विद्यालय स्वास्थ्य तथा नर्सिङ कार्यक्रम अन्तर्गत श्री भानुदय नमुना माध्यमिक विद्यालय, दुम्कीबासमा कार्यरत विद्यालय नर्स गीतिका भुसालले सोहि विद्यालयको ५४ औ बार्षिकोत्सवमा स्वास्थ्य सहायता कक्ष संचालन गर्नु भएको थियो। उक्त अवसरमा विद्यार्थी, शिक्षक, अभिभावक तथा कार्यक्रममा सहभागी अन्य व्यक्तिहरूलाई प्राथमिक उपचार, सामान्य स्वास्थ्य परामर्श तथा आकस्मिक स्वास्थ्य सेवाहरू प्रदान गरिएको थियो।






## MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम- देउराली आधारभूत अस्पताल

पप्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को वार्षिक स्वीकृत मातृ तथा नवशिशु स्वास्थ्य कार्यक्रम अन्तर्गत मिति २०८२/०९/१६ देखि १८ सम्म हुप्सेकोट गाउँपालिकाको देउराली आधारभूत अस्पतालमा क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम सम्पन्न गरिएको छ । क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रममा सामान्य प्रसूति, प्रसूती पछिको अत्याधिक रक्तस्राव व्यवस्थापन, प्रि-एक्लेम्पसिया/ एक्लेम्पसिया व्यवस्थापन, निशासिएको नवशिशुको व्यवस्थापन, संक्रमण रोकथाम र नियन्त्रण जस्ता विषयमा ज्ञान सिपको बिकास गरिएको थियो साथै अनसाईट कोचिङको तेश्रो दिन गुणस्तर सुधार अनुगमन (QI) गरी सुधारको लागि बैठक बसी सुधार गर्नुपर्ने विषयहरुमा कार्ययोजना पनि बनाइएको थियो । उक्त कार्यक्रमको मुख्य प्रशिक्षक/मेन्टर मध्यविन्दु नगर अस्पतालको अस्पताल नर्सिङ निरीक्षक सृजना पाण्डे गैरे हुनु हुन्थ्यो ।





## न्यूनतम सेवा मापदण्ड मुल्यांकन (Minimum Service Assessment)- बौदिकाली गाउँपालिका

मिति २०८२/०९/१६ र १७ गतेका दिन क्रमानुसर बौदिकाली गाउँपालिकाको आयोजना प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प्राविधिक सहयोगमा सोहि गाउँपालिकाको रूचाङ स्वास्थ्य चौकी तथा नरम स्वास्थ्य चौकीमा न्यूनतम सेवा मापदण्डको मुल्यांकन गरिएको थियो। न्यूनतम सेवा मापदण्डको मुल्यांकनमा नरम स्वास्थ्य चौकीको एकीकृत स्कोर ५७ र रूचाङ स्वास्थ्य चौकीको स्कोर ६४ प्राप्त भएकोमा हार्दिक शुभकामना ब्यक्तका साथ थप सुधारको लागि कार्ययोजना तयार गरिएको थियो।





## जिल्ला प्रजनन स्वास्थ्य समन्वय समिति बैठक

मिति २०८२/०९/२० गतेका दिन जिल्ला प्रजनन स्वास्थ्य समन्वय समिति, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा समितिका संयोजक/जिल्ला समन्वय समिति, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प्रमुख श्री बाबुराम बिश्वकर्माको अध्यक्षतामा जिल्ला प्रजनन स्वास्थ्य समन्वय समिति बैठक आर्थिक वर्ष २०८२/८३ को पहिलो बैठक सम्पन्न गरिएको छ। उक्त बैठकमा आ.व. २०८१/८२ को प्रजनन स्वास्थ्य कार्यक्रमहरुको प्रगतिको समिक्षा, जिल्ला स्थित जनस्वास्थ्य कार्यालयमा MPDSR समिति गठन तथा स्थानीय तहमा MPDSR समिति गठनको लागि सहजीकरण सम्बन्धमा छलफल गरिएको थियो।






## मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्द्धन कार्यक्रम

मिति २०८२/०९/२४ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा बुलिङटार गाउँपालिकाको समन्वयमा सोहि गाउँपालिका को वार्ड नं १ कोटथरमा १ दिने मानसिक सचेतना तथा प्रवर्द्धन कार्यक्रम सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला समूह, युवा तथा समुदायका अन्य सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा मानसिक स्वास्थ्यको महत्व, तनाव व्यवस्थापन, सकारात्मक सोचको विकास तथा आवश्यकता पर्दा मानसिक स्वास्थ्य सेवामा पहुँचबारे जानकारी प्रदान गरिएको थियो। यस कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत प्रविण कुमार खनाल र छबिलाल सुबेदीले गर्नु भएको थियो ।





## आर्थिक वर्ष २०८२/८३ परिवार योजना कार्यक्रम सूक्ष्म योजना गोष्ठी

मिति २०८२/०९/२४ र २५ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा आ.व. २०८१/८२ को परिवार योजना कार्यक्रमको समिक्षा साथै आ.व. २०८२/८३ को लागि सूक्ष्म योजना तय गरि परिवार योजना कार्यक्रम सूक्ष्म योजना गोष्ठी सम्पन्न गरिएको छ । यस सूक्ष्म योजना गोष्ठी कार्यक्रममा जिल्लाका ८ स्थानीय तहबाट परिवार योजना कार्यक्रम फोकल पर्सन, मध्यविन्दु प्रादेशिक अस्पतालबाट प्रतिनिधि, स्थानीय तह मातहतका नगर/प्राथमिक/आधारभूत आस्पताल र प्राथमिक स्वास्थ्य सेवा केन्द्रबाट सम्बन्धित स्वास्थ्यकर्मी साथै हरेक स्थानीय तहबाट DHIS2 मार्फत पहिचान भएका कम CPR भएका र उत्कृष्ट स्वास्थ्य सस्थाबाट कार्यक्रम फोकल पर्सनको सहभागिता रहेको थियो ।






## ११ औं राष्ट्रिय योग दिवस २०८२ विशेष योगाभ्यास तथा अन्तरक्रिया कार्यक्रम

मिति २०८२/०९/३० गतेका दिन ११ औं राष्ट्रिय योग दिवस २०८२ को पुर्वसन्ध्यामा प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना तथा पतंजली योग समिति, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को सहकार्यमा अंकुर सामुदायिक वन कावासोती- १६ डण्डाको सभाहलमा ११ औं राष्ट्रिय योग दिवस २०८२ 'स्वस्थ समाज, समृद्ध नेपाल र बिश्व शन्तिको लागि योग' मूल नाराका साथ योगाभ्यास तथा अन्तरक्रिया कार्यक्रम संचालन गरि सम्पन्न गरिएको छ। कार्यक्रमको अध्यक्षता प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख/जनस्वास्थ्य प्रशासक केशव प्रसाद चापागाईज्यूले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यतामा पतंजली योग समिति, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का अध्यक्ष डा.नरनाथ पाण्डे, विशेष उपस्थितिमा गण्डकी प्रदेश- पतंजली योग समितिका उपाध्यक्ष गणेश आचार्य, कावासोती नगरपलिका वार्ड नं १६ का वार्ड अध्यक्ष आनन्द श्रेष्ठ, मध्यविन्दु प्रादेशिक अस्पतालका जनरल फिजिसियन डा.धर्मेन्द्र सापकोटाज्यूको रहेको थियो । साथै यस विशेष कार्यक्रममा स्वास्थ्यकर्मी, योग समितिका पदाधिकारी, शिक्षक/शिक्षिका, समाजसेबीहरु, साथै योग साधक/साधिकाहरु गरि जम्मा ८० जनाको उपस्थिति रहेको थियो।




## ३ दिने TB Modular Training कार्यक्रम सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजना जापान नेपाल स्वास्थ्य तथा क्षयरोग अनुसन्धान संघ (JANTRA) को आर्थिक सहयोगमा क्षयरोग (TB) नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले ३ दिने TB Modular तालिम सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा जिल्ला ८ स्थानीय तहहरुबाट १६ स्वास्थ्यकर्मीहरुको सहभागिता रहेको थियो। यस ३ दिने TB Modular तालिममा क्षयरोगको पहिचान, उपचार, अनुगमन, रिपोर्टिङ तथा राष्ट्रिय क्षयरोग कार्यक्रम अन्तर्गतका अद्यावधिक मार्गनिर्देशनहरूबारे विस्तृत छलफल तथा अभ्यास गरिएको थियो।




## eHMIS, DHIS2 तथा PAMS V2 सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा पहिले तालिम नलिएका मध्यविन्दु नगरपालिकाका १६ स्वास्थ्यकर्मीहरूका लागि eHMIS, DHIS2 तथा PAMS V2 प्रणाली सम्बन्धी अभिमुखीकरण तथा तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ। उक्त तालिम कार्यक्रममा स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको प्रभावकारी प्रयोग, सेवा तथ्याङ्कको सही र समयमै प्रविष्टि, विश्लेषण तथा रिपोर्टिङका विषयमा व्यावहारिक अभ्यास गराइएको थियो। यस तालिमले स्वास्थ्य सेवा तथ्याङ्कको गुणस्तर सुधार गर्दै प्रमाणमा आधारित योजना तथा निर्णय प्रक्रियालाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ।






## प्रदेश जनस्वास्थ्य कार्यालयमा GIWMS, GIOMS, E-attendance

नेपाल सरकारको 'सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८' बमोजिम, साथै सूचना प्रविधि विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको 'सम्पूर्ण सरकारी निकायको वेबसाईट अनिवार्य एकीकृत वेबसाईट व्यवस्थापन प्रणाली (GIWMS) मा आवद्ध गराउने निर्णय' बमोजिम, प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले आफ्नो वेबसाइट GIWMS प्लेटफर्ममा सफलतापूर्व आवद्ध गराएको जानकारी गराउँदछौं साथै नेपाल सरकारको 'सरकारी कार्यालयको ई हाजिरी व्यवस्थापन सम्बन्धी निर्देशिका' बमोजिम प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कार्यालय कर्मचारीहरूको उपस्थिति व्यवस्थापनका लागि ई–हाजिरी प्रणाली (e-Attendance) पनि सुरु गरिएको जानकारी गराउँदछौं।






## 'त्रिवेणी सुस्ता हेल्थ डेक्स (Health Desk)' विशेष

### हेल्थ डेस्कबाट 'मङसिर २०८२' महिनामा प्रवाह गरिएको स्वास्थ्य सेवाहरुको विवरण




औलों जाचँ: ३२
डेंगी जाचँ: ००
कोभिड-१९: ००
एच.आई.भी: ०२



औलों पोजेटिभ: ००
डेंगु पोजेटिभ: ००
कोभिड-१९ पोजेटिभ: ००
एच.आई.भी पोजेटिभ: ००

- कुल परिक्षण: ३४
- जम्मा परामर्श सेवा गरेको संख्या: ६२६ (महिला: ११२ , पुरूष: ५१४)
- जम्मा स्क्रीनिंग गरेको संख्या: ३४ (महिला: ००, पुरूष: ३४)
- जम्मा प्राथमिक उपचार गरिएको संख्या: २५१ (महिला: ३५, पुरूष: २१६)




निःशुल्क प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा सम्बन्धी विवरण

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी सूची

Scan to view




स्थानीय तहमा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण तथा सेवा संचालन सम्बन्धी कार्यविधि, २०७५ [दोस्रो संशोधन २०८१]

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्वारा जारी

Scan to view


## सामाजिक संजालमा प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

**जाडोयाममा चिसो तथा शीतलहरबाट स्वास्थ्यमा पर्न सक्ने असरबाट बचौँ- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को प्रस्तुति**




पूरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**बर्खा मौसममा के के कुरामा ध्यान दिनु पर्ने रहेछ भन्ने बारे राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा जारी सन्देशमूलक भिडियो**




पूरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्रद्वारा तयार गरिएको जापनीज इन्सेफलाइटिस् बारे जनचेतनामूलक भिडियो प्रस्तुति**






**जिल्लाका १० सर्पदंश उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरु सम्बन्धी जानकारी भिडियो**






- एच. पि.भी खोप अभियान २०८१ सारांश भिडियो प्रस्तुति: https://www.facebook.com/61564852269142/videos/1251224415970599
- नसर्ने रोगहरुको पहिचानको लागि १ महिने महिना फागुण २०८१को सारांश भिडियो प्रस्तुति : https://www.facebook.com/61564852269142/videos/946614314129210


## राष्ट्रिय प्राथमिकता कार्यक्रम तथा प्रदेश अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजनासंग सम्बन्धित सूचकहरु मासिक तथा यस आ. व. २०८२/८३ को प्रगती विवरण




# स्थानीय तहमा भएका स्वास्थ्य कार्यक्रमहरुको सुची

## गैंडाकोट नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. विपन्न नागरिक औषधि उपचार कार्यक्रम

## देवचुली नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. देवचुली नगर अस्पतालको नवनिर्मित भवन उद्घाटन समारोह
३. ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा कार्यक्रम
४. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
५. प्रजनन रुग्णता शिविर संचालन

## मध्यविन्दु नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. स्वास्थ्यकर्मीहरुलाई eHMIS/DHIS2/PAMV2 अभिमुखीकरण
४. मध्यविन्दु नगर अस्पताल तथा आखाँ अस्पताल सुरु तथा नवनिर्मित भवन उद्घाटन समारोह
५. नि:शुल्क आँखा शिविर

## कावासोती नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. पोषण कार्यक्रम

## बुलिङटार गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. निः शुल्क स्त्रीरोग सम्बन्धि शिविर कार्यक्रम
३. अपाङ्ग, अशक्त र जेष्ठनागरीकहरुको स्वास्थ्य परीक्षण, तथा परामर्श कार्यक्रम
४. निः शुल्क बालरोग शिविर कार्यक्रम

## विनयी त्रिवेणी गाउँपालिका

५. मासिक समिक्षा तथा कर्मचारी बैठक
६. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन
७. नि:शुल्क आँखा शिविर
८. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम

## हुप्सेकोट गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
३. FP लामो अवधीको परिवार योजना सेवा घुम्ती शिविर

## बौदीकाली गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. सुत्केरी घरभेट जाँच कार्यक्रम
३. स्थानिय स्तरमा चिकित्सा सेवा बिस्तार कार्यक्रम
४. PNC कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्याकंन र संयुक्त मूल्याकंन कार्यक्रम
६. वृहत् पोषण कार्यक्रम

## आ.व. २०८०/८१ बाट स्वास्थ्य सेवा थप भएका स्वास्थ्य संस्था तथा सेवाको जानकारी

**सुरक्षित गर्भपतन सेवा**
Medical Abortion (MA) service
औषधिद्वारा गरिने गर्भपतन सेवा
**रजहर स्वास्थ्य चौकी, देवचुली नगरपालिका**



**परिवार योजना सेवा**
इम्प्लान्ट सेवा (Implant service)
**जौबारी स्वास्थ्य चौकी, बुलिङटार गाउँपालिका**
**रूचाङ स्वास्थ्य चौकी, बौदीकाली गाउँपालिका**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रादेशिक स्वास्थ्य निर्देशनालय
प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

## जनस्वास्थ्य कार्यालयको 'पौष' का लागि कार्ययोजना

- निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुगमन, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण,
- मधुमेह, उच्च रक्तचाप, रक्तअल्पता, मानसिक समस्या तथा अन्य नसर्ने रोगको स्क्रिनिङ तथा रोकथाम कार्यक्रम सञ्चालन,
- स्वास्थ्य कार्यालय मार्फत MNH कार्यक्रम
- जोखिमयुक्त कारखानाका कामदारका लागि व्यवसायिक स्वास्थ्य र सुरक्षा सम्बन्धी अभिमुखीकरण तथा सरोकारवाला बीच अन्तरक्रिया कार्यक्रम,
- परिवार योजना र किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम संचालन अन्तर्गत एकीकृत परिवार योजना घुम्ती शिविर संचालन,
- किशोरकिशोरी लक्षित प्रजनन स्वास्थ्य, मर्यादित महिनावारी र परिवार योजना सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम,
- सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रणका लागि समन्वय बैठक तथा अनुगमन

## जनस्वास्थ्य कार्यालयको अनुरोधहरु

- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जाडो मौसममा जिल्लाबासीहरूलाई चिसोबाट जोगिन पर्याप्त न्यानो कपडा प्रयोग गर्न, तातो तथा पोषिलो खाना खान, र न्यानो पानी पिउन हार्दिक अनुरोध गर्दछ।
- प्रदेश जनस्वास्थ्य कार्यालय जाडो मौसममा देखिने विभिन्न संक्रमणजन्य रोगहरू जस्तै रुघाखोकी, फ्लु, निमोनिया तथा श्वासप्रश्वास सम्बन्धी समस्याबाट बच्न हात सफा राख्न, भीडभाडमा मास्कको प्रयोग गर्न, घरभित्र हावाप्रवाह सुनिश्चित गर्न तथा कुनै लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्दछ।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** छविलाल सुवेदी, ९७६६६२४१०५, honawalpur@gmail.com, honawalpur@gandaki.gov.np

**गुनासो सुन्ने अधिकारी:** शैलेन्द्र कुमार सिंह, ९८५७०४७९७६

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा जनसंख्या मन्त्रालय):** ११९५













